सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनदरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल
SUNDARBAZAR MUNICIPALITY
Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal

# आगलागीजन्य विपद् सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति : २०८१/०१/२३

वातावरण सन्तुलनको मुख्य आधारको रुपमा रहेको वनजङ्गल हाम्रो साझा सम्पति हो । खडेरी तथा सुख्खा मौसममा वर्षेनी देशभरका वनजगङ्गलमा प्राकृतिक रुपमै स्वतः आगलागी हुने र हरियो घाँसको लोभमा मानवीय अज्ञानतावश व्यवहारिक कमजोरीका कारण हुने आगलागीजन्य घटना घटी जनधनको ठूलो क्षति मात्र नभएर डढेलोका कारण लोपोन्मुख बोटविरुवा , पशुपन्छीको अस्तित्वमा संकट,वातावरणीय तथा पारिस्थितिक पद्धतिमा समेत पत्यक्ष प्रभाव परी मानव लगायत समग्र प्राणीको अस्तित्व नै धरापमा पर्ने भएकोले आगलागीजन्य दुर्घटनाबाट सुन्दर प्रकृतिको संरक्षण गर्न यस सुन्दरबजार नगरपालिका नगरपालिकाबासी समक्ष हार्दिक अनुरोध गर्दछ । वन डढेलोले अन्य थुप्रै नकारात्मक असर सहित पृथ्वीको तापक्रम वृद्धि भईरहेको छ । अन्यथा हरियो घाँसको लोभमा वा अन्य बहानाले कानुनी अनविज्ञता र मानवीय व्यवहारिक कमजोरीमा कोही कसैलाई छुट नहुने हुँदा वन ऐन , २०४९ को दफा ४९ खण्ड (ख) बमोजिम आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गर्दा ऐ. ऐनको दफा ५० को उपदफा १ को खण्ड (ख) बमोजिम त्यस्तो आगलागीजन्य कसूर गर्नेलाई बिगो असुल उपर गरी तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेकोले यस्तो कानुनी दण्ड सजायप्रति पनि सजग र सचेत रहन नगरपालिका हार्दिक अपिल गर्दछ ।

**द्रष्टव्यः** यस सुन्दरबजार नगरपालिकाको कुनै पनि वनक्षेत्रमा आगलागी गर्ने गराउनेको सत्य तथ्य प्रमाण सहित सूचना उपलब्ध गराउने व्यक्ति पुरस्कृत हुने व्यहोरा समेत निर्देशानुसार जानकारी गराइन्छ ।

कृष्ण प्रसाद कोईराला
नगरप्रमुख
सुन्दरबजार नगरपालिका
सुन्दरबजार , लमजुङ्ग

Tel : +977-66-402226, Fax : +977-66-402059, Email : sundarbazarmun@gmail.com, Website : www.sundarbazrmun.gov.np